जनसंख्या विज्ञ, अनुसन्धानकर्ता, समाजशास्त्री, योजनाकार, अर्थविज्ञ, शिक्षक, विद्यार्थी लगायत आम नागरिकलाई जनगणनाबाट प्राप्त तथ्याङ्क अत्यन्तै उपयोगी हुन्छन् ।

- बाटोघाटो, पुल, विद्यालय, उद्योगधन्दा, स्वास्थ्य सेवा, खानेपानी, बिजुली, सिंचाइ, खाद्यान्न आपूर्ति, बसोवास व्यवस्था, विकास बजेटको बाँडफाँड र मानव विकास प्रक्रियामा पछाडि परेका समुदायको उत्थान तथा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक पर्ने तथ्याङ्क समेत जनगणनाबाट प्राप्त हुन्छ ।

## ➢ राष्ट्रिय जनगणना २०७८ मा सहभागी भई सहयोग गर्न आम उत्तरदाताहरूमा अनुरोध

राष्ट्रिय जनगणना २०७८ को लागि खटिएर आउने कर्मचारीलाई आफ्नो घर तथा परिवारका सदस्यको सही विवरण दिई सहयोग गर्ने तथा राष्ट्रिय जनगणनामा आफ्नो टोलवासी, छिमेकी र साथीभाइहरूलाई गणनामा सहभागी हुन जानकारी दिई राष्ट्रिय जनगणनालाई सफल पार्न नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग सबैलाई हार्दिक अनुरोध गर्दछ ।


**नेपाल सरकार**
**राष्ट्रिय योजना आयोग**
**केन्द्रीय तथ्याङ्क विभाग**

फोन नं. ०१-४२४५९४६    टोल फ्रि नम्बर :- ११७८
०१-४२४५९४७

Website: www.censusnepal.gov.np
www.cbs.gov.np


**मेरो गणना, मेरो सहभागिता**
**राष्ट्रिय जनगणना २०७८**

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

# राष्ट्रिय जनगणना २०७८ सम्बन्धी जानकारी

## ➢ राष्ट्रिय जनगणना २०७८ कस्तो कार्यक्रम हो ?

राष्ट्रिय जनगणना २०७८ देशभरका सबै घरघरमा पुगी प्रत्येक घर, परिवार र व्यक्तिको विवरण संकलन गर्ने एक बृहत् राष्ट्रिय तथ्याङ्क संकलन कार्यक्रम हो । नेपालले पहिलो जनगणना वि.सं. १९६८ सालमा सम्पन्न गरेको थियो । वि.सं. २०७८ सालको भदौ–मङ्सिर महिनामा सञ्चालन हुन लागेको राष्ट्रिय जनगणना २०७८ नेपालको जनगणनाको इतिहासमा ११० वर्षमा गर्न लागिएको बाह्रौं जनगणना हो ।

## ➢ राष्ट्रिय जनगणना २०७८ कहाँ र कहिले सञ्चालन गरिँदैछ ?

राष्ट्रिय जनगणना २०७८ देशभर एकैसाथ सञ्चालन गरिनेछ । जनगणनाको पहिलो चरणमा घर तथा घरपरिवारको सूचीकरण कार्य २०७८ भदौ ३० देखि असोज १८ सम्म र दोस्रो चरणमा मुख्य प्रश्नावलीको विस्तृत विवरण संकलन कार्य २०७८ कार्तिक २५ गते देखि मङ्सिर ९ गतेसम्म सञ्चालन गरिँदैछ ।

## ➢ राष्ट्रिय जनगणनामा तपाईंको घरदैलोमा आउने कर्मचारीले के के सोध्छन् ?

राष्ट्रिय जनगणनाका लागि तपाईंको घरदैलोमा दुई चरणमा दुई प्रकारका कर्मचारी आउनेछन् । पहिलो चरणमा आउने सुपरिवेक्षकले तपाईंको घरको र घरमा अलग अलग भान्सा गरी बस्दै आएका सबै परिवारको सूची तयार गर्नेछन् । यस क्रममा सुपरिवेक्षक तपाईंको घरको प्रयोगसम्बन्धी विवरण,

घरमा बसोबास गर्ने प्रत्येक परिवारमा धेरैजसो सँगै बस्दै आएका परिवारका सदस्य महिला, पुरूष र अन्य लिङ्गी कति कति जना छन् ? तपाईंको परिवारले कृषि तथा पशुपालन कार्य गरेको भए सोसम्बन्धी विवरण संकलन गर्नेछन् । दोस्रो चरणमा गणक आएर तपाईंको परिवारमा अक्सर बसोबास गरिरहेका प्रत्येक व्यक्तिको नाम, थर, उमेर, लिङ्ग, जातजाति, भाषा, धर्म, शिक्षा, अपाङ्गता, जन्म, मृत्यु र बसाइँ सराई जस्ता जनसांख्यिक तथा सामाजिक विवरणका अतिरिक्त, काम गर्ने उमेर समूहका हरेक व्यक्तिको आर्थिक क्रियाकलापसम्बन्धी विवरणहरू संकलन गर्नेछन् । दोस्रो चरणअन्तरगत नै सुपरिवेक्षकले सम्बन्धित वडाबाट सामुदायिक प्रश्नावलीमार्फत् वडाको आधारभूत विवरण संकलन गर्नेछन् ।

➢ **जनगणनामा तपाईंको व्यक्तिगत तथ्याङ्कको गोपनीयता कसरी कायम गरिएको हुन्छ ?**

राष्ट्रिय जनगणनामा संकलन गरिने विवरणहरू कुनै पनि कर प्रयोजन तथा अन्य कानूनी प्रमाणको रूपमा प्रयोग गर्न मिल्दैन । तथ्याङ्क ऐन, २०१५ र यसबमोजिम जारी भएको जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६ ले व्यक्तिगत तथ्याङ्कको गोपनीयताको सुनिश्चित गरेको छ । जनगणनाबाट प्राप्त तथ्याङ्कहरु व्यक्तिगतरूपमा नभई सामूहिकरूपमा मात्र प्रकाशन गरिन्छ ।

➢ **जनगणनामा तपाईंको दायित्व के हो ?**

तपाईंको पूर्ण सहभागिता बिना तपाईंको गणना सम्भव छैन । त्यसैले राष्ट्रिय जनगणना २०७८ को मूल नारा "मेरो गणना मेरो, सहभागिता" अनुसार नै आफ्नो विवरण टिपाउने र छिमेकी, साथीभाइ, नातागोताका व्यक्तिलाई पनि सहभागी भई सही विवरण दिन आह्वान गर्नु सबै उत्तरदाताको दायित्व हो । हामीले टिपाएको विवरण हाम्रै भविष्यको लागि हो भन्ने कुरा बोध गर्नु पनि हामी सबैको नागरिक दायित्वमा पर्दछ ।

➢ **जनगणनाको महत्व के हो ?**

- जनसंख्याको प्रवृत्ति र विशेषताहरूको बारे जानकारी गराउने, लोककल्याणको लागि योजना, नीति तथा कार्यक्रम तर्जुमा गर्न आवधिक रूपमा जनसांख्यिक तथ्याङ्क तथा सूचक उपलब्ध गराउने ।

- जनगणनाले मुलुकको जनसंख्याको आकार, प्रकार, संरचना र वृद्धिसम्बन्धी तथ्याङ्क उपलब्ध गराउँदछ । यसबाट नै नेपालको सबैभन्दा सानो प्रशासनिक एकाइ – वडातह सम्मको जनसांख्यिक, आर्थिक र सामाजिक क्षेत्रको आधार तथ्याङ्क प्राप्त हुने भएकोले राज्यका नीति निर्माण र विभिन्न क्षेत्रको विकास निर्माणका काम तथा लक्षित कार्यक्रमहरू तर्जुमा गर्न आवश्यक पर्ने अति उपयोगी सूचना प्राप्त हुन्छ ।

- संघीय तथा प्रादेशिक निर्वाचन क्षेत्रको सीमांकन तथा सिट विभाजन कार्यमा जनगणनाको तथ्याङ्क प्रयोग गरिँदै आएको छ । तसर्थ राष्ट्रिय जनगणना अंकको मात्र संकलन नभएर एक राजनीतिक विषय र राष्ट्र निर्माणको एक महान् अभियानको महत्वपूर्ण कार्य पनि हो । संविधानमा व्यवस्था भएका मौलिक हकहरू जस्तैः महिलाको हक, दलितको हक, सामाजिक न्यायको हक, आवासको हक, बालबालिकाको हक लगायत अन्य हकहरूको कार्यान्वयन गर्न र त्यसको मूल्यांकन गर्न, आम नागरिकको लागि सामाजिक सुरक्षा कार्यक्रम तर्जुमा गर्न र संघ, प्रदेश र स्थानीय तहमा वित्तीय स्रोत बाँडफाँड लगायतका कार्य गर्न आवश्यक तथ्याङ्क जनगणनाबाट उपलब्ध हुन्छ ।

- संघीय संरचनामा जनगणनाबाट प्राप्त हुने तथ्याङ्क संघ, प्रदेश र स्थानीय तहका सरकारको लागि आधारभूत तथ्याङ्कको स्रोत हुने र राज्यलाई निरन्तर पृष्ठपोषण उपलब्ध गराउन आम प्रयोगकर्ताहरू जस्तैः बुद्धिजीवी, राजनीतिकर्मी, समाजसेवी, सञ्चारकर्मी, उद्योगपति, व्यापारी, प्राज्ञिक वर्ग,